# चिशंखुगढी गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय

### सेर्ना, ओखलढुङ्गा, १ नं. प्रदेश नेपाल

## शिलवन्दी दरभाउपत्र आव्हान सम्वन्धि सूचना

**प्रथम पटक प्रकाशित मिति : २०७६।०४।२८**

यस गाउँ कार्यपालिकाको कार्यालयलाई आ.व.२०७६।०७७ को लागि आवश्यक पर्ने तपशिल बमोजिमका विविध सामानहरु आपूर्ति तथा छपाई गर्न इच्छुक फर्म/कम्पनीले देहायका शर्तहरुको अधिनमा रहि रित पूर्वकको शिलवन्दी दरभाउपत्र पेश गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ ।

१. दरभाउपत्र फाराम यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले १५ औ दिनसम्म कार्यालय समय भित्र प्रत्येक प्याकेजको लागि छुट्टा छुट्टै रु १०००।- (एक हजार मात्र) फिर्ता नहुने गरी आर्थिक प्रशासन शाखाबाट रकम वुझाएको रसिद लिई स्टोर शाखाबाट फाराम खरिद गर्न सकिने छ ।

२. दरभाउपत्र सूचना प्रकाशित भएको मितिले १६ औं दिन दिनको १२:०० वजे भित्र दरभाउत्र फाराम अंक र अक्षरमा मूल्य प्रष्ट खोली फर्मको नाम, छाप र अधिकारवालाको सहि सहित शिलबन्दी गरि यस कार्यालयमा दर्ता गराई सक्नु पर्नेछ ।

३. दाखिला हुन आएका दरभाउपत्रहरु सूचना प्रकाशित भएको मितिले १६ औं दिन, दिनको २:०० वजे यस कार्यालयमा उपस्थित फर्म/कम्पनीको प्रतिनिधि र अन्य प्रतिनिधिहरुको रोहवरमा खोलिने छ तर दरभाउपत्रदाताका प्रतिनिधिहरु उपस्थित नभएमा पनि दरभाउपत्र खोल्न वाधा पर्ने छैन ।

४. दरभाउपत्र साथ दरभाउपत्र जमानत रकम तपशिलमा उल्लेखित अनुसार नेपाल राष्ट्र वैंकबाट मान्यता प्राप्त वाणिज्य वैंकबाट यस कार्यालयको नाममा जारी भएको विडवण्ड दरभाउपत्र दाखिला गर्ने अन्तिम मितिले ७५ दिनसम्मको मान्य अवधि (भ्यालिडिटि पिरियड) भएको हुनुपर्नेछ ।

५. आपूर्तिकर्ताले दरभाउपत्रमा उल्लेख भए अनुसार गुणस्तरयुक्त सामानहरु आपूर्ति गर्नु पर्नेछ । आपूर्ति गरेका सामानहरु गुणस्तरयुक्त भए/नभएको विज्ञबाट जाँच गराउन सकिनेछ र जाँच गराउदा सो वमोजिम नभएमा फिर्ता लगी गुणस्तरयुक्त सामान उपलब्ध गराउनु पर्नेछ । कार्यालयको आवश्यकता अनुसार सामान घटी वा वढि पनि खरिद गर्न सकिनेछ ।

६. दरभाउपत्र पेश गर्न इच्छुक रजिष्टर्ड फर्म/कम्पनीहरुले कम्पनी र फर्म अद्यावधिक रहेको प्रमाण पेश गर्नु पर्नेछ, मुल्य अभिवृद्धि कर, आयकर दर्ता प्रमाणपत्र र आ.व.२०७४।७५ सम्मको कर चुक्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपी दरभाउपत्र फारामसाथ संलग्न गर्नुपर्नेछ ।

७. दरभाउपत्रदाताले खरिद कारवाहीमा भाग लिन अयोग्य नभएको, प्रस्तावित खरिद कारवाहीमा आफ्नो स्वार्थ नवाझिएको र सम्वन्धित पेशा वा व्यवसाय सम्वन्धी कसुरमा आफुले सँजाय नपाएको भनी लिखित रुपमा गरेको घोषणा पत्र पेश गर्नु पर्नेछ ।

८. दरभाउपत्र खरिद गर्ने तथा दाखिला गर्ने अन्तिम दिन सार्वजनिक विदा परेमा त्यसको भोलिपल्ट कार्यालय खुलेको दिन कार्यालय समयमा खरिद गर्न र दाखिला गर्न सकिनेछ ।

९. यस सूचनामा छुट भएका अन्य कुराहरुको हकमा सार्वजनिक खरिद ऐन, २०६३ तथा नियमावली, २०६४ तथा अन्य प्रचलित ऐनको नियम बमोजिम हुनेछ ।

१०. यस सम्वन्धी थप कुराको जानकारी आवश्यक परेमा कार्यालय खुलेको दिन कार्यालय समयभित्र यस गाउँपालिकाको कार्यालयको फोन नं. ९७५३०००००७५ मा सम्पर्क राख्न सकिनेछ ।

**तपशिल:**

| सि.नं | दरभाउपत्र नं. | कामको विवरण | ठेक्काको किसिम | लागत अनुमान (मु.अ.कर वाहेक) | दरभाउपत्र फराम दस्तुर | जमानत रकम |
|---|---|---|---|---|---|---|
| १ | १/२०७६/०७७ | स्टेशनरी तथा कार्यालय सामानहरु | दरभाउपत्र | १७,६१,०१६/६७ | १०००।- | ५०,०००।- |
| २ | २/२०७६/०७७ | मेशिनरी सामानहरु | दरभाउपत्र | १७,६५,०००।- | १०००।- | ५०,०००।- |
| ३ | ३/२०७६/०७७ | एच.डि.पि. पाईपहरु | दरभाउपत्र | १३,२५,०९५।- | १०००।- | ३८,०००।- |
| ४ | ४/२०७६/०७७ | छपाई सम्वन्धि सामानहरु | दरभाउपत्र | १०,१०,८३३/३३ | १०००।- | २९,०००।- |

**प्रमुख प्रशासकीय अधिकृत**